चैनपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

कोशी प्रदेश

## नदिजन्य पदार्थको संकलन गर्ने ठेक्का बन्दोबस्ती सम्बन्धी १५ दिने सूचना।

प्रकाशित मिति २०८२/०५/२९

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ को खण्ड घ को(६) सोहि ऐनको दफा ६२ क १ र चैनपुर नगरपालिकाको स्वीकृत पारम्भिक बातावरणीय परिक्षण (IEE) प्रतिवेदन र नगर कार्यपालिकाको मिति २०८२/०५/०५ गते बसेको बैठकको निर्णय अनुसार दरभाउपत्र कागजातमा उल्लेखित सर्त अनुसार आ.व. २०८२/०८३ का लागी यस नगरपालिका क्षेत्र भित्र बाट बग्ने नदीको तोकिएको क्षेत्र बाट नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईच्छुक ब्यत्ति वा फर्म/कम्पनिहरुले तोकिएको अबधि भित्र रितपूर्वकका दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ।

| क्र.स | ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण | | | न्यूनतम ठेक्का रकम रु.(मू.अ.कर.बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | वालुवा | गिट्टी | ढुंगा | | | |
| १. | एन.सि.बी/राजश्व ०५/०८२/०८३ | सभाखोला नदिजन्य पदार्थको संकलन | | | | ६,३५,६७०।- | ३१,७८४।- | १०००।- |
| | | दारेगौडा | ६०० घ. मी. | १००० घ. मी. | ४००घ.मी | | | |
| | | त्रिवेणी | ८०० घ.मी. | २०० घ. मी. | - | | | |

**ठेक्का सम्बन्धी शर्त तथा बन्देजहरुः-**

१. दरभाउपत्र फारम खरिद गर्दा व्यक्ति भएमा नेपाली नागरिक्ता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी भएमा फर्म दर्ता प्रमाणपत्र,नविकरण भएको दर्ता प्रमाणपत्र,मूल्य अभिवृद्धि कर तथा आ.व.०८१/०८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपि, दरभाउपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदी तिरेको वा राष्ट्रिय बाणिज्य बैंक,शाखा कार्यालय चैनपुरमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं.२०३०१००३०१०१०००२ को राजस्व शिर्षक नं. १४२२९ मा नगद जम्मा गरेको सक्कल भौचर साथ निबेदन पेशगरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्नु पर्ने छ। साथै दरभाउपत्रदाताले तोकिएको दरभाउपत्र दस्तुर यस कार्यालय वा यस कार्यालयको माथी उल्लेखित खाता नं.मा जम्मा गरेको भौचरलाई दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्ने छ। दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. दरभाउपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। माथि उल्लेखित धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक,शाखा कार्यालय चैनपुरमा रहेको खाता नं.२०३०१००३०३००००२ मा जम्मा गरि सो को सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त कमर्सियल बैकबाट यस कार्यलयका नाममा दरभाउपत्र नं. र नाम र उल्लेख गरि कम्तिमा १२० दिनको म्याद भएको जमानत(विडवन्ड) पेश गर्नुपर्नेछ।

खरिद गरेको दरभाउपत्र फारमहरुमा उल्लेख भएका सवै विवरणहरु भरि दरभाउपत्रदाताले सवै पानामा सहिछाप गरि पहिलो पटक सूचना प्रकाशित मितिले १६ औ दिन दिनको १२ बजे भित्र कार्यालयमा बुझाई सक्नुपर्नेछ।

४. व्यक्ति वा फर्म /कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति/फर्म वा संस्थाको नामाबाट गर्न पाईने छैन। रीतपूर्वक पर्न आएका दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि कार्यालयमा प्रतिनिधि,निर्माण व्यवसायी वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य विदा लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. दरभाउपत्र सम्बन्धी बिस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ। म्याद नाघी,रीत नपुगी वा सर्त सहित पेश हुन आएमा दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयलाई सुरक्षित रहनेछ।

६. दरभाउपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले ७ दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुन आउने रकम यस कार्यालयको खाता बिभाजीय कोषको खाता नं.२०३०१००३०६०१०००२ को दहत्तर बहत्तर शुल्क शिर्षक नं. ३३३६६ मा अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता बापत ५० प्रतिशतले हुन आउने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैक बाट यस कार्यालयको नाममा २०८३ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी(परफरमेन्स वोन्ड) समेत पेश गर्नुपर्नेछ। साथै दरभाउपत्र कबोल गर्न फर्मले आफुले कबोल गरेको अंक,सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट समेत यस कार्यालयमा बुझाउनु पर्नेछ साथै कबोल अंकको १३ प्रतिशत भ्याट समेत सम्झौता भएको बखतमा एकमुष्ट बुझाएमा १० प्रतिशत छुटको व्यवस्था गरिनेछ। नियमानुसार नेपाल सरकार लाई आयकर तथा अन्यकर दरभाउपत्रदाताले छुट्टै बुझाउनुपर्ने छ। प्रथम किस्ता बुझाई दोस्रो किस्ता जेष्ठ १५ भित्र बुझाउने गरी सम्झौता भएमा सो बराबरको रकम नगदै बुझाउनु पर्नेछ।

७.तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत गरी दोस्रो संग नियमानुसार सम्झौता गरिनेछ। यस नगरपालिका नदि तथा नदिहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिणामका सन्दर्भमा स्थानिय सरकार संचालन ऐन,२०७४,सम्बन्धित स्थानिय तहबाट जारी कानून, प्रदेश कानून तथा प्रचिलत कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणी अध्ययन प्रतिवेदन यस दरभाउपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

८. यस ठेक्को अवधि २०८३ साल जेष्ठ मसान्त सम्म हुनेछ। ठेकेदारले कुनै कारण देखाई ठेक्काको रकममा मिनाह,छुट,हर्जना,सहुलियत माग गर्न पाइने छैन।

९.बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेखित नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद ऐन नियमावली २०६४ अनुसार हुनेछ। बोलपत्र सम्बन्धि थप बुझ्न परेमा कार्यालयमा सम्पर्क गर्नु पर्नेछ।

ओमकार प्रसाद न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत